
# मति राम्रो भए गति राम्रो हुन्छ
# उखानको कथा संग्रह

## ( नैतिक शिक्षा )



धम्मवती ( धम्माचरिय )

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाली भाषा)

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचार स्थविर चरित
६. बुद्ध शासनको इतिहास (भाग - १)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी (प्र.सं.)
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास (भाग-१)
१६. बौद्ध विश्वास (भाग - २)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मूखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको कथा
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र.सं.)
३०. बुद्ध पुजा विधि र कक्षा संग्रह (प्र.स.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाब र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त (पाली भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूति नेपालमा बुद्ध प्रति असहिष्णुता
३९. अँ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग - १)
४३. मिलिन्द प्रश्न (भाग- २)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४६. महास्वप्न जातक
४७. बुद्ध पूजा विधि र कथा संग्रह (द्वि. सं.)
४८. बौद्ध ध्यान
४९. बौद्ध विश्वास (भाग - ३)
५०. बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
५१. लक्ष्मी (द्वि.सं.)
५२. सम्यक शिक्षा
५३. परित्राण (द्वि. सं.)
५४. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५५. बुद्ध पूजा विधि कथा संग्रह र परित्राण
५६. बुद्ध पुजा विधि र परित्राण
५७. बुद्ध पुजा विधि
५८. लक्ष्मी (तृ.सं.)
५९. बुद्धको शिक्षात्मक उपदेश
६०. शान्ति मार्ग
६१. पहिलो गुरुको हुन् ?
६२. क्षान्ति र मैत्री (प्र.सं.)
६३. दान पारमिता
६४. बुद्धको संस्कृति र महत्व
६५. बोध कथा र बौद्ध चरित्र
६६. मिलिन्द प्रश्न भाग - १ (तृ.सं.)
६७. संक्षिप्त बुद्ध वंश भाग-१ (द्वि.सं.)
६८. चिरं तिट्ठतु सद्धम्मो
६९. मिलिन्द प्रश्न भाग-२ (द्वि.सं.)
७०. संक्षिप्त बुद्ध वंश भाग-२ (प्र.सं.)
७१. संक्षिप्त बुद्ध वंश भाग-२ (द्वि.सं.)
७२. महास्वप्न जातक (तृ.सं.)
७३. बुद्ध पुजा विधि र कथा संग्रह (तृ.सं.)
७४. चित्त शुद्ध भए जीवन उज्ज्वल हुने छ (प्र.सं.)
७५. प्रौढ बौद्ध कक्षा र लक्ष्मी
७६. नक्कली देवता
७७. आमा बुबाको सेवा
७८. बुद्धको मूल उपदेश
७९. शाक्यमुनि बुद्ध
८०. मणिचूड जातक (द्वि.सं.)
८१. मानिसलाई असल बनाउने बुद्ध शिक्षा (प्र. सं)
८२. क्षान्ति र मैत्री (द्विं. सं)
८३. मती राम्रों भए गति राम्रो हुन्छ। (तृ. सं.)

## Dharmakirti Publication

### (English)

1. Buddhist Economic and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmkirti Vihar
4. "Dharmakirti in Nut Shell"
5. Dhamma and Dhammawati

Downloaded from http://dhamma.digital

# मति राम्रो भए गति राम्रो हुन्छ
# उखानको कथा संग्रह

## ( नैतिक शिक्षा )

**धम्मवती धम्माचरिय**

**धर्मकीर्ति विहार**

Downloaded from http://dhamma.digital

प्रकाशकः

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार, श्रीघः नःघल टोल
काठमाडौं, नेपाल।
फोन नं. : ४२५९४६६

बुद्ध सम्वत् : २५४९
नेपाल सम्वत् : ११२५
बिक्रम सम्वत् : २०६२
इस्वी सम्वत् : २००५

तेस्रो संस्करण : १५०० प्रति

टाइप सेटिङ्ग :
भरतकृष्ण महर्जन
सुजाता महर्जन

मुद्रकः
नील सरस्वती छापाखाना
लाजिम्पाट, काठमाडौं
फोन नं. ४४३३०५४

Downloaded from http://dhamma.digital



Dhamma.Digital

# भगवान दास मानन्धर

जन्म : बि. सं. १९९८ कार्तिक

मृत्यु : बि. सं. २०६१ पौष २७ गते

Downloaded from http://dhamma.digital

# बुबाको सम्झनामा

भगवान दास मानन्धर (बि. सं. १९९८ कार्तिक - बि. सं. २०६१ पौष २७) एक सरल, शान्त स्वभावका व्यक्ति हुनुहुन्थ्यो)

सम्पूर्ण प्राणीको जन्म र मृत्यु जीवनचक्रको यथार्थ हो । जन्म लिएपछि मृत्यु पनि हुन्छ नै । जन्मले हर्षित तुल्याउँछ भने मृत्युले दुःख । दुःख हुन्छ किनभने जसको मृत्यु भएको हुन्छ उसले अरूमा एउटा छाप बसालेको हुन्छ, प्रभाव पारेको हुन्छ र सबभन्दा महत्वपूर्ण त सम्बन्ध हुन्छ, माया बसेको हुन्छ । मलाई पनि मेरो बुबाप्रति अत्यन्त माया थियो, सम्मान थियो, गौरव थियो, छ ।

भगवान दास मानन्धर मेरो बुबा "भगवान" जस्तै थिए । कम बोल्ने तर मौनताबाटै माया व्यक्त गर्नुहुन्थ्यो । सफा, स्वच्छ, सरल र शान्त वहाँको पहिचान । हामी दुई छोरा, मेरो दाई सरोज र मलाई वहाँ लगायत मेरो आमाले कहिले केहीको कमी महशूश गर्न दिनु भएन । आफूहरूले सुख र राम्रो त्यागेर हामीलाई सबभन्दा राम्रो स्कूलमा पढाउन, मीठो खुवाउन र राम्रो लगाउन दिन लागिपरे, संघर्ष गरे । मेरो बुबाको मातापिता (मेरो बाजेबज्यै) वहाँको सानै उमेर हुँदा नै बित्नु भएको थियो । आमाबुबाको माया, स्याहार वहाँको भाग्यमा थिएन । त्यसैले होला उहाँहरूले हामीलाई यति धेरै माया र सुखमा हुर्काउनु भयो ।

मेरो बुबा रगतको नाताले मात्र पृथ नभई एक असल व्यक्तित्वको प्रतीक हुनुहुन्थ्यो मेरो लागि । वहाँलाई भेटेनु हुने सबैले वहाँको प्रशंसा र तारिफ गर्नु हुन्थ्यो, बुबाको स्वच्छ व्यक्तित्वको र सरल

Downloaded from http://dhamma.digital

स्वभावको । सौख वहाँको कमै थियो र साधारण जीवन शैलीमा सन्तुष्ट । संसार देख्नु भयो, घुम्नु भयो तर नेपालीत्व र नेपाली जीवन शैली र संस्कार नै वहाँलाई प्यारो थियो । घमण्ड कहिल्यै केहीको थिएन, कसैको कूभलो कहिल्यै चिताउनु भएन र गरीब तथा असहायलाई मद्दत गर्न सदा तत्पर ।

जीवनको अन्तिम घडीमा मेरो बुबा बिरामी भई अत्यन्त दुःख भोग्नु परेकोमा मलाई दुःख छ र पनि त्यस्तो दुःख भोग्नु पर्दा पनि परिवारजनलाई गाह्रो होला भनी कहिल्यै केही नभनी आफ्ना पीडा सहेर आफ्नों भन्दा बढी आफ्नो परिवारको ध्यान राख्ने मेरो बुबा सदैव मेरो हृदयमा बस्नेछ ।

जीवन चल्दै जान्छ, वहाँको सम्झना रहँदै गर्छ । मेरो बुबा संसारमा अब नभएपनि उहाँको गुण सदा मेरो साथ स्मरणको रूपमा हुनेछ ।

श्रीमती गणेश कुमारी मानन्धर
छोरा सरोज मानन्धर
छोरा मनोज मानन्धर
मिति :२०६२/२/५

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

प्रस्तुत पुस्तक "मति राम्रो भए गति राम्रो हुनेछ" पहिला पनि प्रकाशन भइसकेको पुस्तक हो । पाठकहरूको मागलाई ध्यानमा राखी पुनः एकपटक यस पुस्तक प्रकाशन गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

स्वर्गीय भगवान दास मानन्धरको पुण्य स्मृतीमा उहाँको छोरा मनोज मानन्धर प्रमुख सपरिवार आर्थिक सहयोगले यस पुस्तक पुनः प्रकाशन भइरहेको छ । त्यसैले पुस्तक प्रकाशनका लागि दाता भइ दिनु भएका सपरिवारलाई आयु आरोग्यको कामना गर्दै साधुवाद व्यक्त गर्दछु । पुस्तकमा उल्लेखित बुद्ध शिक्षालाई दाता परिवार लगायत अन्य पाठक वर्गहरूले पनि आ-आफ्नो जीवनमा अभ्यास गरी जीवन मंगलमय पार्न सकुन् भन्ने शुभकामना व्यक्त गर्दछु ।

समयमा नै पुस्तक छापी आवश्यक सहयोग गरिदिनु भएकोमा नील सरस्वती छापाखाना धन्यवादको पात्र रहनु भएको छ ।

**धम्मवती**

शासनधज धम्माचरिय

अग्ग महा गन्थवाचक पण्डित

अध्यक्ष

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार श्रीघःनःघ

काठमाडौं, नेपाल ।

Downloaded from http://dhamma.digital

# मति राम्रो भए गति राम्रो हुन्छ

मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया
मनासा चे पदुट्ठेन - भासति वा करोति वा
ततो नं दुक्खमन्वेति चक्कं' व वहतो पदं ।

अर्थ :- जुन अवस्थामा पनि मन अगाडि जान्छ । त्यसैले, मन मुख्य हो, मनद्वारानै संसार बनिराखेको छ । गाडा तानेर ल्याउने गोरूको पछि-पछि पाङ्ग्रा गुडेर आएझैं खराब नियत हुने व्यक्तिको पछि-पछि दुःख आउँछ ।

मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया
मनासा चे पसन्नेन - भासति वा करोति वा
ततो नं सुखमन्वेति छाया' व अनपायिनी

अर्थ :- जुन अवस्थामा पनि मन अगाडि जान्छ । त्यसैले, मन मुख्य हो, मनद्वारानै संसार बनिराखेको छ । सँगसँगै हिड्ने छायाझैं राम्रो नियत हुने व्यक्तिको पछि-पछि सुख आउँछ ।

माथिका अर्थ सहितका दुइ पालि गाथाहरू 'धम्मपद' नामक किताबवाट निकालिएका हुन् । यी गाथा वा श्लोकहरूका सार हो- मति राम्रो भए गति राम्रो हुन्छ । अर्थात्, मन शुद्ध हुनुपर्दछ ।"

आजभोलि संसारको रूप बदलिसकेको सबैले अनुभव गरेको हुनुपर्दछ । अहिले असल नियत हुनेहरू भन्दा खराब नियत



Downloaded from http://dhamma.digital

हुनेहरू धेरै भएर आएका छन् । मानिसहरू रूप र बोलिबाट आफ्नो मनशाय थाहा हुन दिँदैनन् तर उनीहरूले गरेका कामहरूले उनीहरूको स्वार्थपना झल्काइरहेका हुन्छन् । वर्तमान स्थिति यस्तो भएतापनि गति सुधार्न वा भविष्य उज्ज्वल बनाउन मति राम्रो नपारी हुँदैन । मति राम्रो नहुने व्यक्तिले केही समयको लागि आफ्नो उन्नति गरे पनि उसबाट अरूले केही लाभ गरेको हुँदैन । उसको धार्मिक कार्यलाई पनि मानिसहरू " त्यो मानिस गतिलो छैन । देखावटि धर्ममात्र गरेको हो ।" भनी उसको निन्दा गर्न पुग्छन् । उसको बाहिरी लवाई-खवाई ठीक भएता पनि आफ्नै कुकर्मको सम्झनाले उसलाई भित्रभित्रै पोलिराखेको हुन्छ ।

अप्ठेरोपनलाई सहेर, मति राम्रो पारेर काम गर्नुमा मानसिक शान्ति हुन्छ । यसकै फलस्वरुप कुनै-कुनै राष्ट्रहरूमा असल मानिसहरूको संख्या बढेर ती राष्ट्रहरूको भौतिक र मानसिक उन्नति दुबै भएर आएका छन् ।

"पानी बलियो भयो भने पानीले जित्छ, आगो बलियो भने आगोले जित्छ " भन्ने हाम्रो उखान छ । घरमा बेस्सरी आगो लाग्दा पानी जति हाले पनि आगो ननिभी पानी समेत बलेर जान्छ । त्यस्तै, भात पकाउँदा उम्लेर माड पोखियो भने मेहनत गरेर बालिराखेको आगो पनि निभ्दछ । तर हामी यो कुरा नबिर्सौं कि आगोसँग पोल्ने स्वभाव हुन्छ भने पानीसँग शीतल पार्ने क्षमता हुन्छ । हामी शान्ति र शीतलता चाहन्छौं भने 'आगो बलियो भने आगोले जित्छ' भनी निराश हुनुहुँदैन । आगो लाग्दा निभाउने कोशिशै नगरी बस्यौं भने आगोले एक-दुइ घरमात्रै होइन, पूरा गाउँ वा शहरै जलाउन सक्दछ ।

मानिसहरूलाई राग, द्वेष र मोहरूपी आगोले सल्काइ रहेको हुन्छ । यही आगोले सामाजिक उत्थानमा बाधा पुऱ्याइरहेको छ ।



Downloaded from http://dhamma.digital

यस्तै कुराले गर्दानि बुद्धले आज्ञा गर्नुभएको थियो -

कोनु हाँसो किमानन्दो निच्चं पज्जलिते सति ।
अन्धकारेन ओनद्धा पदीपं न गवेस्सथ ।

अर्थ :- सधैं आगोको ज्वाला दन्कीरहेको ठाउँमा के हाँस्ने र के आनन्द लिने ! अन्धकारले ढाक्दा पनि (तिमीहरूले) बत्ति किन नखोजेको ?

राम्रो मतिले काम गर्ने व्यक्तिलाई पनि शत्रुहरूले कुचक्रले गर्दा, दुर्घटना आदि भएर दुःख आइपर्न सक्छ । तर 'सत्य मेव जयते' भने जस्तै उनीहरूको अन्त सुखपूर्णनै हुन्छ । यही सिलसिलामा यहाँ एउटा कथा प्रस्तुत गरिन्छ -

धेरै वर्ष अगाडि गाउँको एकजना साहुको घरमा काम गर्ने १० वर्ष जतिको केटो थियो । उसका आमाबाबु, दिदी-बहिनी, दाजु-भाइ कोही थिएनन् ।

केटो दिनदिनै नजिकको जङ्गलमा साहुका भेंडाहरू लगी चराउने गर्दथ्यो । एकदिन भेंडाहरू चराइरहेको बेला उसले एकजना बटुवालाई देख्यो । त्यस बटुवाको लवाइ-खवाइले धनी जस्तो लागे पनि हिडाइ र मुखको अँध्यारोपनले उसको चिन्तित अवस्था प्रस्ट्याउँथे । ऊ त्यसरी हिंड्दै गर्दा उसको पटुकामा बाँधिराखेको धनको पोको खसेको उसले चालै पाएनछ ।

एकछिन पछि केटोले त्यो पोको देखेछ । "यो पोको भर्खर यहाँबाट जाने बटुवाको हुनुपर्दछ" - उसले सोच्यो र दगुरेर गई बटुवालाई पोको दियो । इमान्दार केटोलाई हेर्दै उसले भन्यो -



Downloaded from http://dhamma.digital

"मेरो धन ल्याइदिएकोमा धन्यवाद छ । बाटो भुलेकोले बाटो खोज्दाखोज्दै थकान र भोकले ग्रस्त भैसकेको छुः धनको पोको खसेको पनि चाल पाईन ।"

केटोले 'बटुवा भोकै रहेको' भन्ने जानेर "तपाईं यहिं बस्नुस्, म अहिले आउँछु" भनेर कुद्दै गयो र आफ्नो दिउँसोको खाजा ल्याइदियो । खाजा सबै खाइसकेर बटुवाले भन्यो- "तिम्रो चिउरा र तरकारी मेरो निम्ति अमृत सरह भयो । यसको बदलामा म तिमी लाई यो धनको पोको दिन्छु ।" केटोले आफ्नो हातमा थमाईदिएको धन फर्काउँदै भन्यो- मैले तपाईलाई खाजा ख्वाएको पैसाको लोभले होइन । आफ्नो धर्म निभाएकोमा मलाई पैसा चाहिंदैन ।" २-३ पल्ट भन्दा पनि केटोले पैसा लिन मानेन । बटुवाले फेरि सोध्यो- "तिमीलाई फुर्सत छ भने मलाई शहर जाने मूलबाटोसम्म पुऱ्याइदिन सक्छौ ?"

शहर जाने मूल बाटोसम्म उनीहरू आइपुग्दा साँझ पर्न लागिसकेको थियो । बिदा हुने समय बटुवाले आफुले लगाइरहेको हिराको औंठी फुकालेर केटोलाई दिएर भन्यो - "मेरो चिनोस्वरूप यो औंठी लिइराख्नु मौकामा काम आउला ।" केटोलाई औंठी हिराको हो भन्ने थाहा थिएन । औंठी आफ्नो औंलामा नमिल्ने भएकोले सानो कपडाको टुक्रामा पोको पारी घाँटीमा जन्तरझैं झुण्ड्याइराख्यो ।

केटो भेडाहरू लिएर बेलुकी घर फर्कदा साहुले सँधैझैं भेंडाहरु गनेर हेऱ्यो । एउटा भेंडा नपुग भएकोमा रिसाएर साहुले भन्यो-"हराएको भेंडा खोजेर ल्याइस् । भेंडा भेट्टाउन सकिनस् भने तैं पनि घरमा नपसेस् ।"

केटोले दिनभरी केही खाएको थिएन । अँध्यारो भईसकेकोले भेंडो भेट्टिने आशा धेरै कम भए पनि ऊ जङ्गलतिर लाग्यो ।



Downloaded from http://dhamma.digital

रात परेकोले जङ्गलमा भेंडो खोज्न त परै जावस्, एक्लै हिंड्न पनि डरलाग्दो भएर आयो । रात बिताउन लायकको ठाउँ खोज्दाखोज्दै ऊ एउटा झुप्रोनिर आइपुग्यो । उसले एकछिन ढोका ढक्ढक्याएपछि त्यो खुलियो ।

केटोमा जति कोमलता थियो, ढोका खोल्न आउने व्यक्ति त्यतिनै कठोर देखिन्थ्यो । विशेष कारण नभएदेखि केटो सायद उसित नबोलिकनै आफ्नो बाटो लाग्थ्यो होला ! उसका बलिया देखिने हात खुट्टाले उसको शक्ति झल्काइरहेको थियो भने उसको डरलाग्दो अनुहारबाट ऊ निर्मम पनि छ' भन्ने अड्कल लगाउन सकिन्थ्यो । अहिले, उसको शान्ति भङ्ग पार्न आएकोमा उ अलि रिसाएको थियो ।

"एक रातको लागि बास पाइएला कि भनेर ......"-केटोले मसिनो स्वरमा भन्यो ।

केटोको कोमल बचनले ढोका खोल्न आउने व्यक्तिको अनुहारमा देखेको रीस शान्त भयो । उसले केटोलाई भित्र लगी एकछिन कुराकानि गऱ्यो र पछि खानेकुरा ख्वाई सुतायो ।

भोलिपल्ट त्यो व्यक्ति केटोसँगै शहर गयो । बजारको एउटा पसलमा ग्राहकहरू थुप्रै थिए । उसले केटोलाई भन्यो- "तिमी त्यो पसलमा गएर साहुले नदेखने गरी एक थान कपडा लिएर आऊ, म यहि बसिरहन्छु ।"

केटोलाई शुरूदेखिनै त्यो व्यक्ति बदमाश हो भन्ने शङ्का थियो । अब उसको कामधन्दाको बारेमा पनि थाहा भयो । उसले भन्यो-"काका, म ल्याउन सक्दिन ।"

मैले तँलाई ख्वाएर घरमा सुताएको त्यसै होइन । मेरो काममा सघाइनस् भने म तँलाई कुट्छु ।" उसले यसरी हप्काएपछि केटो डरले "हुन्छ" भनेर त गयो तर पसल अगाडि पुगेर भित्र नपसी अन्तै भाग्यो । त्यस मान्छेले केटोलाई बल्लबल्ल खोजेर घर



Downloaded from http://dhamma.digital

ल्यायो । ४-५ थप्पड लगाएर केही नस्वाई घरमै थुनिराख्यो ।

अर्को दिन बेलुका केटोलाई लिई त्यो मानछे फेरि शहरको बाहिरपट्टिको इलाकामा पुग्यो । रातपरेपछि उसले महलजस्तो एउटा घरको भित्ता फोड्न थाल्यो । केटो पस्न सक्ने जतिको प्वाल बनेपछि उसले केटोलाई भन्यो- "तिमी भित्रपसी धन बटुलेरल्याउ, म यहाँ कुरिराख्छु ।"

केटो प्वालबाट भित्र छिरेर खोपिमा पुग्दा साहु मस्त निन्द्रामा थियो । उसले साहुलाई उठाएर स्थितिको जानकारी दियो । साहु "चोरलाई कुट्छु" भनी एउटा लामो लट्टी लिई अँध्यारोमै बाहिर निस्क्यो ।

एकछिनको झगडा पछि चोरले साहुको पेटमा छुरा रोपिदियो दिशा पहिल्याउँदै भाग्न खोज्यो । तर मूल सडकसम्म आउन नपाउँदै अनि ऊ अन्जान साहुका नोकरहरूले उसलाई समाते । रगत धेरै बगेकोले बेहोश भै ढलिराखेको साहुलाई अस्पताल पुऱ्याइए । पछि केटोलाई पनि चोर होकि भन्ने शङ्काले जीउ छामेर हेर्दा उसले जन्तर बनाई लगाइराखेको हिराको औंठी देखे । "यस्तो महँगो औंठी छातिमा झुण्डयाइराख्ने यो पनि चोरै हुनुपर्छ भनी उसलाई पनि चोरसँगै अञ्चलाधिशलाई बुझाइदिए ।

अञ्चलाधिश त केटोले जङ्गलमा भेट्ने उही बटुवा पो रहेछन् । दुबैले एक अर्कालाई चिने । केटो कसरी चोरको हातमा पऱ्यो बुझ्नलाई उसले उसलाई पनि चोर थुनिराखेकै कोठामा राखिदिए र आफू बाहिर लुकी उनीहरूले गरेका कुराहरू सुनिराखे ।

चोर-"मोरो, तँ भित्र पसेर के गरिस् ? तैले नै साहुलाई सबै पोल खोलिदिइस् हैन ?"

अञ्चलाधिसलाई देखिसकेपछि केटोमा अलि स्फूर्ति आएसकेको थियो । उसले भन्यो - "मैले तपाईलाई पहिल्यै त्यस्तो काम गर्दिन भनेको थिएँ । मलाई जबर्जस्ती भित्र हुल्याइदिनु भयो ।'



Downloaded from http://dhamma.digital

अञ्चलाधिशले 'केटोलाई तर्साएर चोर्न लगाएको हो, ऊ आफ्नै खुशीले चोर्न गएको होइन' भन्ने थाहा पायो त्यस रात उनीहरूलाई केही नभनी आफ्ना घर फर्के ।

भोलिपल्ट बिहानसम्ममा साहुको पनि होश फर्किसकेको थियो । साहुले आफ्नो बयानमा 'चोरले भित्ता फोडी केटोलाई भित्र पसाइदिएको तर केटो भित्र आई उसलाई सबै कुरा बताइदिएको र वास्तवमा ऊ चोर नभएको ' व्यहोरा सुनायो । अंचलाधिशले पनि साहुलाई आफूले केटोलाई जङ्गलमा भेटिसकेको कुरा सुनाउँदै 'उसको इमान्दारीताबाट प्रभावित भै मैलेनै त्यो हिराको औंठी दिएको हुँ' भने ।

आफू कसरी चोरको हातमा पऱ्यो भन्ने कुरा केटोले आफ्नो बयानमा भन्यो ।

आफ्नो धनको सुरक्षा गरिदिएकाले टुहुरो केटोलाई आफ्नै घरमा काम दियो र उसको शिक्षादिक्षाको बन्दोबस्त पनि गरिदियो ।



Downloaded from http://dhamma.digital

# मति सप्र्यो भने आयु पनि लम्बिन्छ

धेरै वर्ष पहिले एउटा गुरू थियो । उसले ज्योतिष-विद्याद्वारा को कतिसम्म बाँच्छ भन्न सक्दथ्यो ।

एकदिन उसले गुरूकुलमा भएका शिष्यहरूमध्ये एकजनाको आयु कर्म ७ दिनमात्रै बाँकि रहेको थाहा पायो । 'केटोले गुरूकुलमै प्राण त्याग गर्‍यो भने अरूले नराम्रो सोच्लान्' भनी उसले केटोलाई बोलाएर भन्यो- "बाबु, तिम्रा आमा बाबुले, 'तिमीलाई छिटो घर पठाईदिनुस्' भनी पत्र पठाउनु भएको छ । बिलम्ब नगरी भोलि नै तिमी घर जाउ ।"

भोलिपल्ट बिहानै गुरूको आदेशानुसार केटो घरतिर हिंड्यो । ४ दिनको बाटो काट्न ऊ आफ्नै धुनमा गइरहेको बेला एक ठाउँमा उसले एकजना ऋषिले भुईमा खसिराखेका फलहरू टिपिरहेको देख्यो । केटोले ऋषिलाई सोध्यो-'ऋषिज्यू, रूखमा त्यतिका ताजाफलहरू हुँदाहुँदै तपाई किन भुईमा खसिराखेका फलहरू मात्रै टिपिराख्नु भएको ?'

ऋषिले भन्यो- "म अरूले नदिएको नलिने ऋषि हुँ । रूखले खसालिदिएका फलहरू मात्रै खान्छु, रूखबाटै टिपेर खाँदिन ।'

"त्यसो भए मैले टिपेर तपाईलाई दिएँ भने लिनु हुन्छ ?"

"बाबुले नै टिपी दिए जरूर लिन्छु ।"

केटोले रूखमा चढेर फलहरू टिपी ऋषिको डालोभरि राखिदियो । ऋषिले केटोको भलो होस् ! भनी कामना गर्‍यो ।

भोलिपल्ट ऊ एउटा नदीनिर आइपुग्यो । नदी तर्न राखिएको साँघुरो बाँसको पुल झण्डै जीर्ण भइसकेको थियो । एकजना मानिस डराई-डराई त्यस पुलबाट गइरहेको थियो । ऊ गइसकेपछि



Downloaded from http://dhamma.digital

केटोले अलि परबाट बाँसहरू ल्याएर पुलको मर्मत गरिदियो ।

तेश्रो दिनमा केटो एक उद्यानमा आइपुग्यो । हरियाली वातावरणमा जङ्गली पशुपन्छीहरू रमाइरहेका थिए । यत्रतत्र छरिएका स-साना तलाउहरूले त्यस ठाउँलाई अझै सुन्दर बनाइदिएका थिए । उसले एउटा तलाउमा पानी नपुगेर माछाहरू छटपटिरहेका देख्यो । घण्टौं लगाएर उसले ती माछाहरूलाई पानी धेरै भएको तलाउमा लगेर हालिदियो ।

चौथों दिनमा केटो घर पुग्यो । ऊ एक्कासि घर फर्केकोमा उसका आमाबाबुले त्यसको रहस्य सोधे । आफ्ना आमाबाबुले त्यसरी सोधेकोमा छक्क पर्दै उसले उल्टो प्रश्न गऱ्यो-"तपाईहरूले नै मलाई छिटो घर पठाइदिनुस् भनी गुरूलाई पत्र पठाउनु भएको होइन ?"

आमाबाबुले छोरो फर्किनाको कारण जे भएता पनि त्यत्रो लामो बाटो हिंडेर आएको छोरोलाई घरमा केही दिन राखेर मात्र फेरि गुरूकुल पठाउने विचार गरे । छोरो घरमा आएकोमा उनीहरू खुशी थिए भने छोरोको विद्याध्ययन छुटेकोमा दुःखी पनि ।

१७ दिनसम्म आमाबाबुको सेवा गरेर केटो फेरि गुरूकुलतिर लाग्यो । त्यहाँ पुगेर उसले गुरूलाई नमस्कार गऱ्यो । आफ्नो विद्यानुसार ७ दिनपछि मर्नुपर्ने शिष्य १७ दिनपछि पहिलेभन्दा मोटाघाटा भएर उभिरहेको देख्दा उसले केही बुझ्न सकेन । केही क्षण टोल्हाइसकेपछि यथार्थ कुरो बुझ्न उसले शिष्यलाई 'भएको सबै वृतान्त' सुनाउनु भयो ।

केटोले आफु घर गएको बेला बाटोमा 'ऋषिलाई रूखबाट फलहरू टिपी दिएको, बिग्रेको पुल मरम्मत गरिदिएको र पानी नपुगेर छटपटिरहेका माछाहरूलाई पानी धेरै भएको तलाउमा लगेर राखिदिएको, आमा बाबुको सेवा गरेको' लगागत आफू घर फर्केकोले आमाबाबु छक्क परेको कुरा समेत गुरूलाई सुनायो । गुरूले कर्म



Downloaded from http://dhamma.digital

कमजोर भईराख्नेले पुण्य-कर्म गरेर फेरि कर्म बलियो पारेको कुरा जान्यो, उसको आयु लम्बिनाको रहस्य बुझ्यो ।

अब मानिसहरूको मृत्यु कति प्रकारबाट हुन सक्छन् भन्ने कुरा एकचोटि जानौं ।

मानिसहरूको मृत्यु ४ प्रकारबाट हुन सक्छन् - आयु सिद्धिएर, कर्म सिद्धिएर, आयु र कर्म दुबै सिद्धिएर, र अकालले । बलिरहेका तेलको दियोलाई उपमास्वरूप लिन सकिन्छ । बलिरहेका तेलको दियोमा बत्ति मात्रै सिद्धिएर पनि निभ्न सक्दछ र तेल मात्रै सिद्धिएर पनि निभ्न सक्दछ । त्यस्तै, बत्ति र तेल दुबै सकिएर पनि दियो निभ्न सक्दछ र बत्ति र तेल दुबै भैकन पनि हावाले गरेर वा अरू केही बस्तु त्यसमा परेर निभ्न सक्दछ ।

प्रस्तु कथामा तेल सकिएर निभ्न लागेको दियोमा फेरि तेल थपेर निभ्न नदिए जस्तै पुण्य-कर्मले आयु कर्म लम्बाइदियो ।



Downloaded from http://dhamma.digital

# मति राम्रो नभएकोले गति राम्रो भएन

प्रस्तुत गर्न लागेको कथा जातकको हो -

धेरै समय अगाडि बोधिसत्वले भाँडाकुँडाहरू बेच्ने ब्यापारीको कुलमा जन्म लिए ।

उसँगै ब्यापार गरेर हिंड्ने एक जना ब्यापारी दुष्ट स्वभावको थियो । एकदिन दुबै जना नीलबाहिनी नदी तरेर ब्यापार गर्न गए । गाउँमा पुगे पछि दुबैलै छुट्टाछुट्टै बाटो लिए ।

गाउँको एक घरमा एउटी बुढी र उनकी नातिनी बस्दथे । अहिले उनीहरू गरिब र उनीहरूको परिवार सानो भए पनि केही बर्ष पहिले उनीहरू धनी र उनीहरूको परिवार ठूलो थियो । समयको अन्तरालमा उनीहरूको परिवार नासियो, उनीहरू धनीबाट गरिब बने । अहिले उनीहरूको पुरानो घर ठाउँ-ठाउँमा चुहिएर 'आज भत्किएला कि भोलि ' भैसकेको थियो ।

बोधिसत्व साथि ब्यापारी भाडाँकुडाँहरू बोक्दै उनीहरूको घरतिर आएरहेको बज्यै र नातिनीले झ्यालबाट हेरिरहेका थिए । चम्केका नयाँ भाडाँकुडाँहरू देखेपछि नातिनीले ती मध्ये एउटा भाँडो लिने रहरलाई थाम्न सकिनन् ।

"भाँडो किन्नलाई हामीसँग पैसा पुग्दैन ।"

"सानो एउटा भएपनि किनिदिनुस् ।"

"सानोको पनि १ कार्षापन त भन्ला, मसँग त्यति पैसा पनि छैन ।"

बच्चीले पिरोल्नै थालेपछि नयाँ एउटा भाँडोसँग साटेर लिन बज्यैले भित्र कोठाबाट पुरानो थाल लिएर आइन् ।



Downloaded from http://dhamma.digital

"यसको सट्टामा कुनै एउटा भाडौं दिनुहुन्छ ?" बज्यैले ब्यापारीसँग सोधिन् ।

ब्यापारीले थाललाई कसिमा घोटेर हेऱ्यो । चम्किलो पहेंलो भएर आएको देखेपछि उसलाई 'थाल सुनको हो' भन्ने पक्का विश्वास लाग्यो । उसले विचार गऱ्यो- "यदि अहिले भाँडोसंग साटेर लिएँ भने शङ्का लागेर यिनीहरूले पछि झगडा गर्न आउन सक्छन् ।" थाल फर्काउन उसले भन्यो-"यो पुरानो थालको सट्टामा नयाँ भाँडो दिन मिल्दैन ।"

पहिलो ब्यापारी गएको एकछिन् पछि दोश्रो ब्यापारी पनि उनीहरूको अगाडि आइपुग्यो ।

"यसले नयाँ भाँडो देला कि एकचोटि सोधी हेर्नुस्न बज्यै"- नातिनीले पुन आग्रह गरिन् ।

ब्यापारी सोझो देखिएकोले बज्यैलाई उसङ्ग पनि सोधी हेर्न मन लाग्यो । बज्यैले उसलाई पनि थाल देखाउँदै " यसको बदलामा कुनै एउटा भाँडो दिन मिल्ला कि ?" भनी सोधिन् । ब्यापारीले थाल लिई कसिमा घोटेर हेऱ्यो ।

"बज्यै, यो सुनको थाल हो । यो थालको मोल तिर्न मसँग पैसा पुग्दैन ।" ब्यापारीले तिनीलाई सम्झायो ।

ब्यापारीको कुरा तिनीले बुझ्न सकिनन् । ट्वाल्ल पर्दै बज्यैले भनिन् - "भर्खर यहाँबाट जाने ब्यापारीले 'यो थालको सट्टामा नयाँ भाँडो दिन मिल्दैन' भनी गए, 'तपाई यो थाल सुनको हो भन्दै हुनुहुन्छ । तपाईंकै प्रतापले यो सुनको भइदियो होला । त्यसैले तपाईलाई जति दिन मनलाग्छ, त्यति दिएर यो थाल तपाईंले नै लानुस् ।"

ब्यापारीले आफुसँग भएको १ हजार कार्षापण (त्यसताकाको मुद्रा) मध्ये नदी तर्नलाई डुङ्गा-भाडा ४ कार्षापण मात्रै आफुसँग राखेर



Downloaded from http://dhamma.digital

बाँकी धन र भाडाँकुडाँहरू पनि सबै दिई उनीहरूबाट बिदा भए । ब्यापारीको स्वभावबाट प्रभावित बज्यैले उनको सहि प्रकृति पनि जानिन् ।

उनीहरूले सबै भाडाँकुडाँहरू थन्क्याई मात्र सकेका थिए, अघिको दुष्ट ब्यापारी फेरि उनीहरूको घरनिर आइपुग्यो । बज्यैलाई बोलाई उसले,"अघिको पुरानो थाल ल्याइदिनुस्, एउटा नयाँ भाँडो दिन्छु" भन्यो ।

"अघि तपाईले 'त्यो थालसँग भाँडो साट्न मिल्दैन, भनी पन्छ्याएर जानुभयो । अर्को ब्यापारी आई 'त्यो सुनको हो' भनेर १ हजार कार्षापण र उसंग भएका सबै भाडाँकुडाँहरू दिई लगिसक्यो ।"

यो सुनेर दुष्ट ब्यापारी डाहाले छट्पटिन्दै रगत बमन गरेर त्यहिं प्राण त्याग गर्‍यो । मति राम्रो नभएकोले गति राम्रो भएन ।

❋



Downloaded from http://dhamma.digital

# विषको विरुवामा पानी दिनु हुँदैन

यो उपदेश बुद्धले किन र कसको लागि भन्नु भएको हो ? एक दिन गौतम बुद्ध बेलुवन विहारमा बस्नु भएको बेला राजा अजातशत्रुले दुष्ट देवदत्तलाई आफ्नो गुरू मानेर भक्ति गरी हिंडेकोले (अजातशत्रु पनि) नारकीय दुःख भोग गर्न जानु परेको कारणले यो उपदेश दिनु भएको हो ।

भगवान् बुद्धलाई काँढाले बिझेको जत्तिकै दुःख दिई हिंड्ने दुष्ट र पापी भिक्षु देवदत्त प्रति श्रद्धा राखेर राजा अजातशत्रुले देवदत्तले भने जति दान दिएर गयाशिर्ष पर्वतमा विहार बनाएर त्यो पनि दानमा दिए । त्यस्ता देवदत्तको कुरा सुनेर बुद्धलाई विरोध गर्न र प्रहार गर्न धेरै सहायता दिए । उहि दुष्ट गुरू देवदत्तको हाहामा लागेर श्रोतापन्न भैसकेका आफ्नो बाबु धर्मराज बिम्बिसारलाई मारेर पछि आफुनै बिनाश भएर बस्नु पऱ्यो । त्यत्ति मात्रै होइन, आफ्नो गुरू देवदत्त जमिन फाटेर नरकमा खसे भन्ने कुरा सुनेर आफुले पनि उसैको कुरा सुनेर आफ्नो बुबालाई मारेको मात्र सम्झेर आफु पनि देवदत्त जस्तै जमिनमा ह्मासिएर जाने पो हो कि भन्ने पीरले राज्य सुख नै भोग्न नसक्ने भयो । बसी नसक्नु भयो । सुत्न पनि सकेन । उभिराख्न पनि समर्थ भएन । उसलाई त जहाँ गए पनि पृथ्वी नै फाटेर गए जस्तो हुन थाल्यो । उसको मनमा त सँधै अवीचि भन्ने नरकको ज्वालानै आएर जिउ पोल्न थालेको जस्तो हुन थाल्यो । उसको कानले सँधै नर्कपालले बोलाएको जस्तो सुन्न थाल्यो । कुटेर पठाएको कुकुर काँमे जस्तै उसको मन पनि भय र त्रासले थुरू थुरू काम्न थाल्यो, उसको लागि बुद्ध बाहेक अरू कोहि शरण र भरोसा रहेन । यस्ता त्राशयुक्त मनलाई शान्त गर्न बुद्ध कहाँ



Downloaded from http://dhamma.digital

नै जानुपर्छ भनी उसको मनले निर्णय गरे । तैपनि बुद्धलाई दुःख दिन देवदत्तले भने जतिकै सहायता पुऱ्याएको र बुद्धको उपासक आफ्नो बुबालाई पनि आफुले मारि सकेको हुँदा बुद्धकहाँ जाउँ भनी आँट गर्न सकेन । यसरी नै मन ताप र पश्चातापले पोलिराख्यो । त्यतिबेला कार्तिक पूर्णिमाको दिनमा राजगृहमा सबैले बत्ति बाली दीपावली मान्ने रहेछ ।

त्यो दिन राजा अजातशत्रु आफ्ना मन्त्रीगणका साथ आफ्नै दरबारको एक फराकिलो चौरमा बसिराखेको थियो । त्यतिकै बेला जीवक वैद्यको आम्रवनमा (आँपको बगैंचामा) बस्नु भएको थियो । जीवक वैद्य बुद्ध प्रति श्रद्धा राख्ने एक बौद्ध उपासक थिए । अनि जीवक वैद्यलाई आफू नजीक बसी राखेका देखी राजा अजातशत्रुले यस्तो कल्पना गरे- "अब म यसै बसी राखेर भएन । मेरो गुरू जमिन फाटेर नरकमा पुगिसके । म पनि त्यसरी नै नरकमा जाने त होला नि । त्यसैले अब म जीवक वैद्यलाई साथमा लिएर भगवान् बुद्ध कहाँ शरण जानु पऱ्यो । तर 'म बुद्धको शरणमा जान्छु' भनी सिधै भन्न पनि लाज लाग्छ । किनकि मैले मूर्ख देवदत्तलाई गुरू मानेर बुद्धलाई धेरै दुःख दिइसकें । बुद्धको एक प्रमुख उपासक आफ्नो बुबा बिम्बिसारलाई पनि मारिसकें त्यसैले मैले कसरी बुद्धकहाँ जाउँ भन्ने ? बरू कुरो घुमाएर भन्नुपर्ला" भन्ने विचार गरि राजा अजातशत्रुले भन्यो-

"भो मन्त्रीगण ! आजको यो बेलुकीको मौसम खुब रमाइलो छ, खुब राम्रो छ । आकाशमा सबै नक्षत्र पूर्ण छन् (आकाशमा ताराहरू सफासंग चम्किरहेछन् ) यस्तो समयमा कुनै श्रमण वा ब्राम्हणहरू कहाँ गएर धर्मको कुरा सुनी मनमा शान्ति र आनन्द लिन पाए कति राम्रो हुँदो हो ।" भनेर कुरा उठाए ।



Downloaded from http://dhamma.digital

राजाले यती भन्ना साथ मन्त्रीहरूले आफ्ना गुरूको बयान गरेर राजालाई आ-आफ्ना गुरूकहाँ लग्ने योजना बनाउन थाले ।

अनि एक जना मन्त्रीले सबभन्दा पहिले पुरण कस्सप भन्ने गुरूको बयान गर्दै भने-"उहाँकहाँ जानु भए तपाईको मन शान्त होला कि !" राजाले केहि बोलनु भएन ।

फेरी अर्को मन्त्रीले आफ्नो गुरू मक्खलि गोसालको बयान गर्दै बिन्ति गरे- "महाराज, उहाँ कहाँ जानु भए त तपाईलाई मनमा शान्ति होला कि ?" राजा अजातशत्रु चुप लागेर नै बस्नुभयो ।

फेरी अर्को मन्त्रीले भने-"महाराज, अजित केसकम्बल भन्ने गुरूकहाँ जानु भएमा त हजुरलाई प्रशस्त आराम मिल्ला कि ?" यसो भन्दा पनि राजालेकेहि उत्तर दिनु भएन ।

अर्कोले भन्यो- "महाराज, पकुध कच्चायन भन्ने गुरू ठुलो महात्मा हुनुहुन्छ । त्यहाँ जानु भएमा कल्याण हुनेछ ।" यो कुरा सुनेर पनि राजाको अनुहार हँसिलो भएन ।

फेरी अर्कोले बिन्ती गऱ्यो- "तपाई संजय बेलठ्ठिपुत्र भन्ने गुरू कहाँ जानु पर्ला ।" तैपनि राजा चुप लागेरै बस्नु भयो ।

फेरी अर्कोले निर्ग्रन्थ नाथ पुत्रको बयान गऱ्यो । उसको बयान सुनेर पनि राजाले केहि बोल्नु भएन ।

कसको संगत गरे शान्ति होला भनेर राजा अजातशत्रुले कुरो उठाएको नै जीवकबाट उसको गुरू भगवान् बुद्धको बयान गराउन गराएको थियो । तर जीवक वैद्य चुप लागेरै बसि राख्यो । अरूहरूले आ-आफ्नो गुरूको बयान गरे । वैद्यले भने राजाले सोझै मसँग सोधे मात्रै जवाफ दिन्छु नत्र किन भनुं भनेर चुप लागि बसि राख्यो । राजा चाहिं जीवकबाट बुद्धको बयान गर्न लगाऔं र अनि उहाँकहाँ जाउँ भनुं भनी विचार गरि राखेको थियो । जीवक वैद्यले केही



Downloaded from http://dhamma.digital

नबोलेकोले करबरले राजा अजातशत्रुले नै सोध्नु पर्‍यो- "हे जीवक, तिमी किन चुप लागेर बसिराखेको ? अरुहरूले आ-आफ्ना गुरुहरूको बयान गरे, के तिम्रो कोहि गुरू छैन र ?"

अनि मात्र जीवक वैद्य उठेर आफ्नो आम्रवनतर्फ फर्केर बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, सघं सरणं गच्छामि भनेर ३ पल्ट वन्दना गरी हात जोडी बिन्ति गरी अरहं आदि बुद्धका ९ गुणहरू बुद्धले राम्ररी उपदेह गर्नु भएका धर्मका ६ गुणहरू, सुपटिपन्न आदि संघका ९ गुणहरू बयान गरेर यहाँ क्लेशको आगो निभिसकेको बुद्ध कहाँ तपाई शरण जानु भएमा शान्ति र आनन्द पाउनु हुनेछ । उहाँको दर्शनले नै मन हलुंगो हुन्छ । उहाँको धर्म उपदेश र शिक्षाले आनन्द र सुख पाउनु हुने छ भन्ने मलाई पूर्ण विश्वास छ । हाल उहाँ मेरै आम्रवनमा २५० भिक्षुहरू सहित बस्नु भएको छ भनेर बिन्ति चढाए ।

वैद्यबाट यति कुरा सुनेर मात्रै राजाको मुख उज्यालो भयो । संतोष प्रकट गर्‍यो । हर्षित भयो अनि राजाबाट आज्ञा भयो-"जिवक ! त्यसो भए अहिले तुरून्तै उहाँकहाँ जाउँ । हात्ति घोडा आदि तैयार गर ।"

वैद्यले तुरून्तै हात्ति, घोडा र महिलाहरूको पल्टन आदि धेरै आरक्षकहरूको बन्दोबस्त मिलाई दिए । हात्ति चढी थुप्रै परिवार सहित राजा जीवक वैद्यको आम्रवनमा सवारी भयो ।

त्यहाँ २५० भिक्षुहरू निश्चल र निशब्द भएर शान्तपूर्वक बुद्धको धर्म उपदेश सुनिराखेको देखेर राजा आश्चर्य भएर भन्नु भयो- "अहो ! यो त हिउँदको शान्त समुन्द्रमा ठूलो जहाज रोकि राखेको जस्तै छ ।" गौतम बुद्ध शान्तपूर्वक बसिराख्नु भएको देखेर राजाको मनमा धेरै आनन्द भएको कुरा प्रकट गर्नुभयो । यतिका मान्छेहरू



Downloaded from http://dhamma.digital

यसरी चुप लागेर निश्चल भइ बसिराखेको मैले कहिल्यै देखेको छैन भन्ने मनमा राखेर श्रद्धा उत्पन्न गरी हात जोडेर एकातिर बस्नु भयो । त्यसपछि राजा अजातशत्रुले भगवान् बुद्धसँग सामान्य फलशुत्रको कुरा सोध्नुभयो । अनि बुद्धले दुइ वटा परिच्छेद सहितको सामान्य फल शुत्र व्याख्या गरेर सुनाउनु भयो । उपदेश सुनेर राजाको मन हलुंगो भयो र हर्षित भएर बुद्धको सरणमा गई वन्दना गरेर बुद्धलाई परिक्रमा गरि आफ्नों दरबारमा फर्कनु भयो ।

अनि बुद्धले भिक्षुहरूलाई बोलाएर यसो भन्नुभयो- "भिक्षुहरूले राजा अजातशत्रुले आफ्नो खाल्डो आफैंले खने अथवा आफ्ना खुट्टामा आफैंले बन्चरो हाने । आफ्नो मार्गफल ज्ञानलाई आफैंले नष्ट गरिदियो । दुष्टहरूको संगत गरेकोले अथवा बिषको विरूवामा पानी दिएकोले उसको अमूल्य जीवन नाश भयो । कलंकित भयो । यदि राजा अजातशत्रुले राज्यको लोभमा परेर आफ्नो बुबा धर्मराज बिम्बिसारलाई हत्या नगरेको भए भर्खरै उसलाई सुनाएको सामान्य फलसूत्र कथाको अन्तमा क्लेश रहित भै श्रोतापत्ति मार्गरूपि आँखा खुल्ने थियो । भन्नाको मतलब श्रोतापत्ति मार्गज्ञान उत्पत्ति हुने थियो । तर के गर्ने ? मूर्ख देवदत्तको शरणमा गएर उसको कुरा सुनी आफ्नो बुबा धर्मराज बिम्बिसारलाई मारेको हुनाले जसरी काटिसकेको ताडको रूख फेरि पलाउँदैन त्यसरी नै श्रोतापत्ति मार्ग ज्ञानले रहित भै दुःखले मुक्त हुन नसक्ने भएर बस्नुपर्‍यो । यसरी बिषको विरूवामा पानी दियो भने आफूलाई पनि हानी हुन्छ, अरूलाई पनि हानी हुन्छ ।" यसो भन्नु भएपछि उहाँले पहिले पहिले घटिसकेको आफूले खनेको खाल्टोमा आफैं खसेको घटना (कथा) सुनाउनु भयो ।

पहिले पहिले वाराणसी देशमा ब्रम्हदत्त राजाले राज्य चलाइ राखेको बेलामा बोधिसत्व एक धनी ब्राम्हण कुलमा जन्म



Downloaded from http://dhamma.digital

लिएर ठूलो भैसकेपछि तक्षशिलामा दिसापामोक्ष गुरूकहाँ गई सबै विद्यामा पारंगत भएर आई वाराणसी देशको दिसापामोक्ष गुरू भएर ५०० कुमारहरूलाई विद्या सिकाई राखे । ती विद्यार्थीहरूमा संजीव भन्ने विद्यार्थी कुमार एक जना पनि रहेछ । त्यो कुमारले मरेकोलाई जिलाउने मन्त्र सिक्यो, तर उसलाई फेरी मार्ने (हताउने) मन्त्र सिकेन । एकदिन उ अरू साथीहरूसँगै जंगलमा गएर दाउरा लिन गएको बेलामा त्यहाँ एउटा मरेको बाघ देख्यो । अनि उसले साथीहरूलाई फुर्ति लाएर भन्यो-"साथी हो, मैले मरेकोलाई जिलाउने विद्या सिकि सकें । ऊ त्यो मरेको बाघलाई म फेरि जिलाईदिन सक्छु ।" अनि साथीहरूलाई पत्यार नलागेर सोधे-"मरेकोलाई पनि जिलाउन सकिन्छ र ? हुनै नसक्ने कुरो गरिराख्छ ।"

यो सुनेर संजीवले "लौ, नपत्याए हेर" भनेर बाघको अगाडि बसेर मन्त्र पढ्यो । साथीहरू चुपलागेर हेरिराख्यो । उसले मन्त्र पढ्दा पढ्दैमा बाघ चलमलाउन थाल्यो । त्यति हुनासाथ साथीहरू सबै भागे । संजीवले मन्त्र पढि नै राख्यो । बाघ बाँचेर उठ्नासाथै त्यहि मन्त्र पढ्नेको घाँटी पक्रेर रगत खाई मारिदियो । संजीव त्यहिं मऱ्यो । भएको घटना सबै हेरेर दाउरा लिई अरू विद्यार्थीहरू गुरूकहाँ फर्केर भएको कुरा सबै सुनाए । अनि बोधिसत्व गुरूले दुष्टहरूको उपकार गर्नु नै विनाशको मुलकारण हो भन्नु हुँदै विषको विरूवामा पानी दिनु हुँदैन, पानी दिए पछि अवश्यै सप्रने छ, तर पानी दिनु अगाडि विषको बोट हो कि अमृतको बोट हो भनेर विचार गरेर मात्रै पानी दिनु पर्दछ अर्थात् विचार गरेर मात्रै सहायता र मद्दत दिनु पर्दछ भनेर उपदेश दिनुभयो ।



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

१. महासतिपट्ठान सूत्र
२. बुद्धया झिंनिगू विपाक
३. अभिधर्म (भाग - १)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. यःम्ह म्हचाय्
७. पञ्चनीवरण
८. भावना
९. एकताया ताःचा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि (प्र.सं.)
१३. मैत्री भावना
१४. कर्तव्य (प्र.सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा (भाग -१)
१९. बुद्धया अन्तिम यात्रा (भाग - २)
२०. कर्म
२१. बाखं (भाग - १)
२२. बौद्ध ध्यान (भाग-१)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अहिंसाया विजय
२८. बाखं (भाग-३)
२९. महास्वप्न जातक (प्र.सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म (भाग-२)
३२. बाखंया फल (भाग-१)
३३. बाखंया फल (भाग-२)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. बाखं (भाग-२) (द्वि.सं.)
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया बाखं पुचः
४२. पालिभाषा अवतरण (भाग-१)
४३. न्हापांयाम्ह गरु सु ? (द्वि.सं.)
४४. पालि प्रवेश (भाग-१)
४५. पालि प्रवेश (भाग-२)
४६. चमत्कार
४७. बाखं (भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिधर्म
(चित्तकाण्ड छगूया संक्षिप्त परिचय)
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ.सं.)
५३. चरित्र पुचः (भाग-१)
५४. बौद्ध ध्यान (भाग-२)
५५. शान्तिया त्वाथः
५६. बुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना (भाग-२)
५८. जातक माला (भाग -१)
५९. त्रिरत्न वन्दना व सूत्र पुचः
६०. चरित्र पुचः (भाग-२)
६१. त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना (भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं
६८. जातक माला (भाग-२)
६९. सर्वज्ञ (भाग-१)
७०. पालि प्रवेश (भाग-१,२)
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. धर्म मसीनि
७४. तेमिय जातक
७५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायके (प्र.सं.)

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

७६. धम्मपद (श्लोकवद्ध)
७७. बाखँ (भाग-५)
७८. सप्तरत्न धन
७९. सर्वज्ञ (भाग-२)
८०. दान
८१. वम्मिक सुत्त
८२. मध्यम मार्ग
८३. महासिहनाद सुत्त
८४. भिंम्ह काय् व म्हयाय्
८५. भिक्षु जीवन
८६. समथं व विपश्यना संक्षिप्त भावना विधि
८७. महानारद जातक
८८. भिंम्ह मचा
८९. विवेक बुद्धि
९०. झंग लाइम्ह लाखे
९१. बुद्धपूजा विधि (द्वि.सं.)
९२. स्वास्थ्य लाभ
९३. शिक्षा (भाग-१)
९४. शिक्षा (भाग-२)
९५. दृष्टि व तृष्णा
९६. विपश्यना ध्यान
९७. सतिपट्ठान भावना
९८. बाखँ (भाग-६)
९९. धम्मचक्कप्पवत्तन सुत्तं (प्र.सं.)
१००. गौतम बुद्ध
१०१. नेपालय् २५ दँ जिगु लुमन्ति
१०२. बुद्ध व शिक्षा (क)
१०३. शिक्षा (भाग-३)
१०४. शिक्षा (भाग-४)
१०५. महा स्वप्न जातक (द्वि.सं.)
१०६. धम्मपद ब्याख्या (भाग-१)
१०७. धम्मपदया बाखँ
१०८. अभिधर्म (भाग-२) (द्वि.सं.)
१०९. संसारया स्वापू
११०. धम्मपद (मुल पालि सहित नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
१११. आदर्श बौद्ध महिलापिं
११२. बौद्ध नैतिक शिक्षा (भाग-१)
११३. वेस्सन्तर जातक
११४. निर्वाण (रचना संग्रह)
११५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (द्वि.सं.)
११६. पालिभाषा अवतरण (भाग-२)
११७. दीर्घायु ज्वीमा
११८. न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११९. मनूतय्‌गु पहः
१२०. संस्कृति
१२१. कर्तव्य (द्वि.सं.)
१२२. विशेषं म्ह मफैवले पाठ यायेगु परित्राण
१२३. बुद्धया करूणा व ब्रह्मदण्ड
१२४. विरकुशया बाखँ
१२५. त्रिरत्न वन्दना व परित्राण
१२६. धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१२७. पट्ठानपालि
१२८. कर्म व कर्मफल
१२९. शिक्षा (भाग-५)
१३०. धर्मया ज्ञान (भाग-२)
१३१. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३२. संक्षिप्त बुद्ध वंश (भाग-२)
१३३. अभिधर्म द्वि.सं. (भाग-२)
१३४. अभिर्धम पालि
१३५. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३६. अनन्तलक्खण सूत्त (द्वि.सं.)
१३७. बुद्धपूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१३८. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१३९. धम्मचक्कप्पवत्तन सुत्त
१४०. बुद्ध वन्दना विधि व बुद्धया भिंनिगू विपाक
१४१. मनूतय्‌गुपह (द्वि. सं.)
१४२. प्रौढ बौद्ध कक्षा (द्वि. सं.)
१४३. न्हापाँयाम्ह गुरु सु ? व अमूल्यगु धन
१४४. बौद्ध स्तुती पुचः
१४५. तिरत्न बन्दना परित्त सुत्त
१४६. त्रिरत्न वन्दना व परित्राण
१४७. सूत्र पुचः (प्र. सं.)
१४८. शाक्यमुनि बुद्ध (द्वि.सं.)
१४९. तृष्णा

मुद्रक : नील सरस्वती छापाखाना, लाजिम्पाट, फोन नं.. ४४३३०५४

Downloaded from http://dhamma.digital